आज मिति २०७४ कात्तिक ७ गते, मंगलबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १३ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री गाता तामाङ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :

१ गोरखनाथ, गणेश सरस्वत्ती, बज्रयोगिनी मन्दिर व्यवस्थापन सम्बन्धमा ।
२ स्वास्थ्य चौकी स्थापना सम्बन्धमा ।
३ बिबिध ।
४

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा गोरखनाथ, गणेश सरस्वत्ती, बज्रयोगिनी मन्दिर व्यवस्थापन गर्नेको लागी गाडी पार्किङ्ग र टिकट काउण्टरको लागी आवश्यक प्रकृया थालनी गर्ने । यसको लागी नगर उपप्रमुखको संयोजकत्वमा गठित उपसमिति, सामाजिक समिति र आथिक समिति सगै रही काम गर्ने ।

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा स्वाथ्य चौकी नभएका ३ वटा वडा कार्यालयहरुमा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने ।

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा

क) वडा कार्यालय भवन नभएको वडा नं ७ मा दक्षिणकाली क्षेत्र प्रबन्ध समिति छुटै संस्था नभई नगरपालिकाको सम्पति नै भएकाले गर्दा सो समितिको नाममा रहेको ५६ हेक्टर जग्गा पनि नगरपालिकाको नै भएकोले दक्षिणकाली गेट सगै ७ नं वडा कार्यालयको भवनको लागी ५ कोठाको नक्सा तयार गरी भवन निर्माण काय अगाडी बढाउने । भवन निर्माण गर्दा स्थानिय श्रोत र साधनको अधिकतम प्रयोग गर्ने । वडा नं ४ को लागी बाल सुधार निम्न मा.बि सगै भवन निर्माण गर्ने ।

ख) बागमती करिडोर निर्माणका लागी सम्भाब्यता अध्ययन गरी लागत ईष्टिमेट तयार गर्ने ।

ग) फर्पिङ मा.बि को लागी नगरपालिका बोर्डको बिभिन्न मितिको निर्णयानुसार १७ लाख रुपैया बिद्यालयलाई दिने र सो भवनको पूर्ण स्वामित्व यस नगरपालिकामा रहने भन्ने निर्णय भएकोमा आ.ब २०७४/०७५ मा ५ लाख उपलब्ध गराउने । बिभिन्न आ.ब मा तपसिल बमोजिम जम्मा १७ लाख रकम फर्पिङ मा.बि लाई उपलब्ध गराई सकिएको हुदाँ सो भवनको पूर्ण स्वामित्व यस नगरपालिकाको रहने ।

तपसिलः

| आ.ब | भुक्तानी भएको रकम |
|---|---|
| २०७१/०७२ | ५ लाख |
| २०७२/०७३ | २ लाख |
| २०७३/०७४ | ५ लाख |
| २०७४/०७५ | ५ लाख |

घ) कार्यपालिका सदस्यहरुको ( नगरप्रमुख, उपप्रमुख र वडा अध्यक्ष बाहेक ) लागी संचार सुबिधा मासिक रु २०००/- उपलब्ध गराउने ।

ङ) कार्यपालिकाको अर्को बैठक यहि कात्तिक महिनाको १५ गते बुधवार विहानको ११.०० बजे बस्ने ।